# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ६ मितिः २०८०/०३/०९

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गौमुखी गाउँपालिकाको गाउँसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८० सालको कार्यविधि नं. ६**

गौमुखी गाउँपालिका प्यूठान

# निशुल्क स्वास्थ्य विमा संचालन कार्यविधि २०७९

**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०३/०९**

नेपालको संबिधान (२०७२ ) को धारा ३५ मा आधारभुत स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको सन्दर्भमा यस गौमुखी गाउँपालिका प्यूठानले आ व २०७९।२०८० को निति तथा कार्यक्रम मार्फत रु तिस लाख रकम विनियोजन गरेको र गौमुखी गाउँपालिकामा स्थाई बसोबास गर्ने विभिन्न लक्षित बर्गहरुलाई निशुल्क स्वास्थ्य विमा गरिदिने कार्यलाई ब्यबस्थित गर्नकालागि गौमुखी गाउँपालिकाले **निशुल्क स्वास्थ्य विमा सम्बन्धि कार्यबिधि २०७९** जारि गरियको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ योकार्यविधिको नाम गौमुखी गाउँपालिकाको निशुल्क स्वास्थ्य विमा सम्बन्धि कार्यबिधि२०७९ रहेको छ।

१.२ यो कार्य विधि गौमुखी गाउँकारेयपालिकाले स्विकृत गरेको मितिबाट प्रारम्भ हुने छ।

**२ परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थले अर्को नलागेमा यस कार्यविधिमा

२.१"प्रमुख "भन्नाले गौमुखी पालिकाको प्रमुख सम्झनु पर्दछ।

२.२ "उपप्रमुख" भन्नाले गौमुखी पालिकाको उपप्रमुख सम्झनु पर्दछ।

२.३ " प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गौमुखी पालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ।

२.४ ऐन भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ।

२.५ कार्यबिधि भन्नाले गौमुखी गाउँपालिकाको निशुल्क स्वास्थ्य विमा सम्बन्धि कार्यबिधि २०७९ संझनु पर्दछ।

२.६ समिति भन्नाले दफा ४ बमोजिम गठित समितिलाई संझनु पर्दछ।

२.७ स्वास्थ्य विमा भन्नाले नेपाल सरकारले जारि गरेको स्वास्थ्य विमा ऐन २०७४ बमोजिम भएका ब्यबस्थालाई सम्झनु पर्दछ।

२.८ सहजकर्ता/ अभिकर्ता भन्नाले नेपाल स्वास्थ्य विमा बोर्ड द्वारा नियूक्ति भएका गौमुखी गाउँपालिका अन्तरगतका वडा तहमा कार्यरत विमा दर्ता सहयोगि सम्झनु पर्दछ।

२.९ कुनै बिषयमा स्पष्ट पार्नु परेमा गठित कार्यसमितिको निर्णय द्वारा स्पष्ट पारिने छ।

२.१० गाउँपालिका भन्नाले गौमुखी गाउँपालिका भन्ने सम्झनु पर्दछ।

२.११ सुकुमबसी भन्नाले निज एवं निजको परिवारको नाममा कहि कतै जग्गा जमिन नभएको ब्याक्ती सम्झनु पर्दछ।

२.१२ लाभग्राहि भन्नाले लक्षित बर्गका सेवाग्राहि सम्झनुपर्दछ।

**३ कार्यबिधि लागु हुने क्षेत्र र सेवा**

३.१ यो कार्यबिधि गौमुखी गाउँकार्यपालिकाको बिधान समितिबाट छलफल भइ कार्यपालिकाबाट पास भएको मितिबाट लागु हुनेछ।

३.२ गौमुखी गाउँपालिका भित्र स्थाइ बसोबास गर्ने नागरिकहरु लाभग्राहि हुनेछन र गौमुखी गाउँपालिका सेवा क्षेत्र हुनेछ।

**४ विमा संचालन समन्वय समिति**

४.१गौमुखी गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा निशुल्क स्वास्थ्य विमा सम्बन्धिकार्यविधि २०७९ संचालन तथा समन्वय समिति हुनेछ।

- गौमुखी गाउँपालिकाका अध्यक्ष संरक्षक
- गौमुखि गाउँपालिकाका उपाध्यक्ष संयोजक
- गौमुखी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सदस्य
- स्वास्थ्य शाखा प्रमुख सदस्य सचिब
- सामाजिक विकास समिती संयोजक सदस्य
- सेवा प्रदायक संस्था वा प्रतिनधि सदस्य
- अन्य विज्ञ ब्याक्तित्वहरुलाइ आमन्त्रण समेत गर्न सकिने छ।

**५ निशुल्क स्वास्थ्य विमा सम्बन्धि कार्यविधि २०७९ संचालन तथा समन्वय समितिको काम कर्तब्य र भुमिका**

५.१ सुरुअबस्थामा कार्यविधि छलफल गरि बिधाएक समितिमा पठाउने। आबश्यक भएमानिःशुलक स्वास्थ्य विमा कार्यबिधि संसोधन गर्ने।

५.२ निःशुल्क स्वास्थ्य विमा कार्यक्रमको समिक्षा गर्ने।

५.३ आबश्यक बजेटको लागि ब्यबस्था गर्ने।

५.४ रिक्त रहेको दर्ता सहयोगीको नियूक्ती तथा सिफारिसकोलागि सम्बन्धित वडा कार्यालय संग समन्वय गरि छनोट गर्ने।

**६ निःशुल्क स्वास्थ्य विमा कार्यक्रमको लक्षित बर्ग तथा मापदन्ड**

६.१ बिमा शुल्क ५ जना बरावर रु ३५००। थप प्रति ब्याक्ती/ सदस्य रु ७०० हुनेछ प्रति ब्याक्ती बिमा शुल्क पनि रु ३५०० लाग्ने छ।

६.२ अति गरिब परिचयपत्र प्राप्त गरेका विपन्न नागरिक , कुष्ठरोगि लाई १००प्रतिशत विमा निशुल्क गराइने छ।

६.३ उमेर७० बर्ष माथिका ज्येष्ठ नागरिकलाईब्याक्तिगत बिमा १०० प्रतिशत बिमा बोर्डबाट हुनेछ।

६.४ पुर्ण अपाङ्ग क बाहेक सबै प्रकारका अपाङंग परिचय पत्र प्राप्त गरेका ब्याक्तिहरुलाई ब्याक्तिगत बिमा निशुल्क गराइने छ।

६.५ म स्वा स्वयं सेबिकाको विमाकोलागि ५०प्रतिशत थप अनुदान दिइ पुर्णरुपमा निशुल्क बिमा गराइने छ।

६.६ दिर्घ रोगि क्यान्सर ,मुटुरोगि, अलजाइमर ,दम, पार्किनसनरोग, मृगौला डाएलोसिस, मेरुदन्डको पक्षघात,सिकलसेल एनेमिया लाई ब्याक्तिगत बिमा निशुल्क गराईने छ।

६.७ अति गरिब विपन्नको लिस्टमा नपरेका वा अति गरिब तथा विपन्न नागरिक परिचयपत्र नपाएको अबस्थामा समितिको निर्णय \ वडाको सिफारिसअनुसार निर्धारित संख्यामा ब्याक्तिगत विमा गरिने छ।

६.८ उपलब्ध बजेटको आधारमा उमेर ६० देखि ७० बर्षका जयेष्ठ नागरिकलाइ निःशुल्क ब्याक्तिगत स्वास्थ्य बिमा गराइने छ।

६.९ नेपाल सरकार द्वारा मान्यता प्राप्त नेपाल स्वास्थ्य विमा वोर्डले नियूक्ति गरेका गौमुखी गाउँपालिका प्यूठान अन्तरगतका वडामा कार्यरत स्वास्थ्य विमा दर्ता सहयोगी मार्फत बिमा गराउने कार्य गरिने छ।

६.१० निशुल्क बिमा कार्यक्रममा विनियोजित बजेट कार्यक्रमबाट खर्च हुनेगरि बिमा अभिकर्ताको द्वयमासिक समिक्षा र समितिको बैठक खर्च नियमानुसार गरिने छ।

६.११ द्वन्द पिडित, कटुवाल, अनाथ परिबार र सुकुम्बासी परिवालाई निःशुल्क विमा गराउनु पर्ने छ।

६.१२ नेपाल सरकार तथा नेपाल स्वास्थ्य विमा वोर्डले निशुल्क तथा छुट सहुलियतमा प्रदान गरियका लक्षित बर्ग एवं सेवा सुबिधाहरुलाई उपयोग गर्न र आबश्यक सल्लाह सुझाव साथै कार्यबिधि पासगर्नु पुर्ब नेपाल स्वास्थ्य बिमा बोर्ड संग समन्वय गरिने छ।

**७ निःशुल्क विमा बनाउने प्रकृया**

- लक्षित बर्गका व्याक्तिहरुले अनुसुचि १ बमोजिम निर्धारित ढाँचामा आबेदन दिनु पर्ने छ।
- निबेदकले आफ्नो परिचय खुल्ने कागजात सहित निवेदन पेश गर्नु पर्ने छ।
- बिमा अभिकर्ताले घरमै गइ सेवा प्रदान गर्नुपर्ने छ।

- बिमा अभिकरतालेविमा कम्पनिले दिइयको सहुलियतमा कार्यगर्नु पर्ने छ।
- मासिक समिक्षामा सबै  कागजातहरु अभिलेखहरु फाइलिङ गर्नुपर्ने छ।
- तोकियको लक्षित बर्गलाइ गाउँपालिका मार्फत निःशुल्क विमा गर्न चाहनेहरुकालागि निबेदन पेशगर्न सुचना प्रकाशन गरिने छ।
- विमाको समयाबधि १ बर्षको हुनेछ।१ बर्ष पछि पुनः नविकरण गर्न पहिलो पटक अपनाइएका प्रकृया पुरा गर्नु पर्ने छ।
- स्वास्थ्य बिमा दर्ता सहयोगिको लागि बिमा शुल्कमा सहुलियत दिइनु पर्ने छ।

**८ बिबिधः**

८.१ यस कार्यबिधि अनुसार लक्षित बर्गका ब्याक्तिहरुको स्वास्थ्य  बिमा ऐन अनुसार स्विकृत स्वास्थ्य संस्थाहरुमा विमा गरिने र विमा  गराएबापतको  ब्याक्तिले तिर्नुपर्ने रकमको हकमा सम्बन्धित एजेन्ट( स्वास्थ्य विमा बोर्ड) विच सम्झौता गरि गाउँपालिकाबाट  भुक्तानि गरिने छ। बिमा अभिकर्तालाई सम्बन्धित स्वास्थ्य विमा बोर्डको नियमानुसार भुक्तानि हुने छ।

८.२ समितिको बैठक तथा समिक्षामा प्रति बैठक रु १०००।भत्ता र प्रचलित भाडा उपलब्ध गराइने छ।

८.३ यस कार्यबिधि कार्यन्वयनको क्रममा थप ब्यबस्था गर्न परेमा यस कार्यबिधि तथा प्रचलित कानुन संग नबाझने गरि गाँपालिकाले आबश्यक निर्णय गर्न सक्नेछ।

अनुसुची १

निवेदनको ढाँचा

मिति

श्रीमान् वडा अध्यक्ष ज्यू ।
गौमुखी गाउँपालिकाको कार्यालय/वडा न .... प्यूठान ।

**विषयः निःशुल्क स्वास्थ्य विमा गरिदिनु हुन ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट आ व २०..../.... मा जेष्ठ नागरिक /द्वन्द पिडित /अनाथ/ अपाङ्ग/ महिला स्वास्थ्य स्वयं सेविका /HIV संक्रमित /दिर्घ रोगि परिबारको ब्याक्ति वा परिवारको लागि निःशुल्क स्वास्थ्य बिमा गर्ने कार्यक्रम रहेकोले तपशिलको विवरण पेश गरि सो कार्यक्रममा म/मेरो परिबारलाई समावेश गरिदिनुहुन अनुरोध छ।

तपशिल परिवारमा सदस्यहरुको विवरणः

| क्र स | नाम थर | घरमुलि संगको नाता | उमेर | लिङ्ग | शैक्षिक योग्यता | सम्पर्क न |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तपाइ आफुलाइ कुन बर्ग भन्न चहानुहुन्छ ?

(१) ७० बर्ष माथि (२) ६०-६९ बर्षबिचको नागरिक (३) द्वन्द पिडित (४) अनाथ (५) अपाङ्ग (६) म स्वा स्वयं सेविका (७) दिर्घ रोगि (८)कटुवाल ( ९) अन्य..................

निवेदकको नाम थरः

दस्तखतः

ठेगानाः
मोबाइल नः